# गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड

आठौं वार्षिक साधारण सभाको काम कारबाही तथा निर्णयहरुको अभिलेख (माइनुट) :

गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८०/०८/२५ मा बसेको संचालक समितिको १३२ औं बैठकको निर्णय अनुसार संस्थाको आठौं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ र वित्तीय संस्थाको नियमावली बमोजिम संचालक समितिका अध्यक्ष श्री उदयनारायण बरालको अध्यक्षतामा देहायको मिति, स्थान र समयमा बसी निम्नानुसार प्रस्ताव उपर छलफल तथा निर्णय पारित गरी सम्पन्न भयो ।

१. **सभा भएको मिति, स्थान र समय :**

१.१ मिति : २०८०/०९/१८ बुधबार (तदानुसार जनवरी ३, २०२४)
१.२ स्थान : भेडेटार भिलेज रिसोर्ट साँगुरीगढी गा.पा. वडा नं. ६, धनकुटा ।
१.३ समय : बिहानको ११:०० बजे ।

२. **सभाको सूचना प्रकाशन :**

कम्पनी ऐन २०६३ को दफा ६७. (१) (क) र संस्थाको नियमावलीको नियम १८ (१) (क) बमोजिम बोलाईएको आठौं वार्षिक साधारण सभाको मिति, स्थान, समय सहित प्रस्तावहरुको सूचना र कम्पनी ऐनको दफा ८४ (४) अनुसार संस्थाको आ.व. २०७९/८० को सम्क्षिप्त आर्थिक विवरणको सूचना मिति २०८०/०८/२६ मा आर्थिक राष्ट्रिय दैनिक र मिति २०८०/०९/२७ मा उद्घोष राष्ट्रिय दैनिकमा प्रकाशन गरिएको थियो । साथै, आठौं वार्षिक साधारण सभाको सूचना शेयरधनीहरुको व्यक्तिगत ठेगानमा पठाउनुको साथै संस्थाको वेवसाइटमा समेत राखिएको थियो ।

३. **छलफलका विषयहरु :**

(क) **साधारण प्रस्तावहरु :**

(१) आ.व.२०७९/८० को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७९/८० को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु लगायतका वित्तीय विवरणहरु माथि छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/८१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने २ जना संचालकहरुको निर्वाचन गर्ने ।

(ख) **विशेष प्रस्तावहरु :**

(१) नियमावलीको नियम २९, २९(१), २९(२) र ३० मा संशोधन स्वीकृत गर्ने ।

(२) उपरोक्त विशेष प्रस्ताव उपर नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप प्रचलित कानुनको अधिनमा रही संस्थाको नियमावलीमा आवश्यक संशोधन वा परिमार्जन वा समायोजन गर्न संचालक समितिलाई अख्तियारी दिने ।

कम्पनी-सचिव

गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड स्था: २०७३ धनकुटा

अध्यक्ष

(३) गुराँस लघुवित्त वित्तीय संस्था र अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने वा गाभिने वा प्राप्ती गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पूरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) **विविध :**

४. **उपस्थिति :**

४.१ **कम्पनी ऐन २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु**

१. श्री उदय नारायण बराल
२. श्री राजु प्रसाद अधिकारी
३. श्री बिजय कुमार दाहाल
४. डा. प्रियंका कटवाल
५ श्री अशोक गौतम
६. प्रा.डा. प्रमोद कुमार झा
७. श्री अर्जुन प्रसाद निरौला

४.२ **अन्य पदाधिकारीहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री विष्णु प्रसाद उपाध्याय | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री भेष बहादुर बस्नेत | नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री राम प्रसाद पोखरेल | प्रबन्धक |
| ४. | श्री शिब कुमार श्रेष्ठ | सहायक प्रबन्धक |
| ५. | श्री निरोज पौडेल | का.मु. वरिष्ठ अधिकृत |
| ६. | श्री डिल्ली बहादुर बस्नेत | अधिकृत |
| ७. | श्री अशोक भट्टराई | कनिष्ठ अधिकृत |

४.३ **शेयरधनीहरुको उपस्थिति :**

जम्मा उपस्थित शेयरधनी संख्या : २९ जना

५. **गणपुरक संख्या (कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम) :**

| विवरण | कूल संख्या | उपस्थिति | | | प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| | | स्वयम् | प्रतिनिधि मार्फत | कूल | |
| शेयरधनी संख्या (संस्थापक तथा सर्वसाधारण) | २१,२७८ | १८ | ११ | २९ | |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | १०,१४,००० | ३,९९,०३३ | २,४०,८२९ | ६,३९,८६२ | ६३.१०% |

६. **सभाको बैधानिकता र सभाको अध्यक्षता :**

६.१ कम्पनी ऐन २०६३ तथा यस वित्तीय संस्थाको नियमावली बमोजिम सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या

कम्पनी-सचिव

अध्यक्ष

बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी सेयरको प्रतिनिधित्व हुनेगरी कूल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरुको उपस्थिति हुनु पर्ने प्रावधान रहेकोमा वित्तीय संस्थाको आठौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा स्वयम् उपस्थित भई हाजिरी जनाउने शेयर धनीहरुको संख्या १८ जना र प्रतिनिधि मार्फत उपस्थिति जनाउने शेयर धनीहरुको संख्या ११ जना गरी जम्मा २९ जना शेयरधनीहरुको उपस्थिति भएको र कूल बाँडफाँड भएको शेयर १० लाख १४ हजार कित्ता मध्ये ६ लाख ३९ हजार ८ सय ६२ कित्ता अर्थात ६३.१० प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा साधारण सभाको गणपुरक संख्या पुगेकोले प्रचलित कानुन बमोजिम सभा बैधानिक भएको जानकारी कम्पनी सचिब श्री भेष बहादुर बस्नेतले गराउनुभयो ।

६.२ कम्पनी सचिवले सभाको अध्यक्षता ग्रहण गरिदिनुहुन कम्पनी ऐन २०६३ को दफा ७४ को (१) तथा संस्थाको नियमावलीको नियम १९ को उपनियम (१) बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री उदय नारायण बराललाई अनुरोध गरे बमोजिम सभाको अध्यक्षता समितिका अध्यक्ष श्री उदय नारायण बरालले गर्नुभयो । तत्पश्चात संचालकहरु श्री राजु प्रसाद अधिकारी, श्री विजय कुमार दाहाल, श्री प्रियंका कटवाल, श्री अशोक गौतम, प्रा.डा. प्रमोद कुमार झा, श्री अर्जुन प्रसाद निरौला तथा प्रमुख कार्यकारी अधिकृत श्री विष्णु प्रसाद उपाध्यायलाई आशन ग्रहण गराउनु भयो । साथै, शेयरधनी महानुभावहरु, प्रतिनिधिज्यूहरु लगायत पत्रकार, पर्यवेक्षक लगायत सम्पूर्ण महानुभावहरुलाई आ-आफ्नो स्थानमा आशन ग्रहण गराउनुभयो ।

६.३ राष्ट्रिय गान कार्यक्रममा सम्पूर्ण महानुभावहरु सहभागी हुनुभयो ।

**७. स्वागत मन्तव्य :**

वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री विष्णु प्रसाद उपाध्यायले सभामा उपस्थित शेयरधनीहरु सहित अन्य महानुभावहरुलाई स्वागत गर्दै संस्थाको हालसम्मको अध्यावधिक अवस्थाको बारेमा समेत प्रकाश पार्नुभयो । साथै, आर्थिक वर्ष २०८०/८१ मा वित्तीय संस्थाले लिएका योजना तथा रणनीतिहरुको बारेमा उल्लेख गर्दै आगामी दिनमा संस्थालाई संख्यात्मक र गुणात्मक रुपमा सबल, सक्षम र गुणस्तरीय बनाउने प्रतिवद्धता ब्यक्त गर्नुभयो ।

**८. सभाको समुद्घाटन :**

सभाका अध्यक्ष श्री उदय नारायण बरालले पानसमा बत्ति बाली सभाको समुद्घाटन गर्नुभयो ।

९. संस्थाको आठौं वार्षिक साधारण सभामा आफ्नो मन्तव्य सहित आर्थिक वर्ष २०७९/८० को संचालक समितिको वार्षिक प्रतिवेदन तथा साधारण सभामा पेस हुने प्रस्तावहरु सभा समक्ष राखिदिनुहुन सभाका अध्यक्षज्यूलाई कम्पनी सचिवले अनुरोध गर्नुभयो ।

**१०. सभामा सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुति र छलफल :**

सभाको प्रारम्भमा पूर्व निर्धारित छलफलका विषयसूचीहरु अनुसार आ.व. २०७९/८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन अध्यक्षले सभामा प्रस्तुत गर्नुभयो । अध्यक्षले सो प्रतिवेदन प्रस्तुत गरिसकेपछि यस सम्बन्धमा आ-आफ्नो विचार, जिज्ञासा, सुझाव तथा प्रतिक्रिया भएमा जानकारी गराउन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नुभएकोमा उपस्थित शेयरधनीहरु मध्ये निम्न शेयरधनीहरुबाट निम्न अनुसार सुझाव तथा प्रतिक्रिया प्राप्त भयो ।

कम्पनी-सचिव

अध्यक्ष

**शेयरधनी श्री यादब प्रसाद अधिकारी**

बैंकिङ्ग व्यवसायमा अझ पनि प्रतिकूल अवस्था रहेकोले गुणस्तर सहितको व्यवसाय विस्तार गर्न सुझाव दिदै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

**शेयरधनी श्री कृष्ण प्रसाद गौतम**

वित्तीय संस्थाको आठौं वार्षिक प्रतिवेदनले संस्थाको वित्तीय अवस्थाको यथार्थ चित्रण गरेको छ । आर्थिक वर्ष २०७९/८० मा मुनाफा तथा ग्राहक संख्या घटेको पाईएकोले आगामी दिनमा यसलाई सुधार गर्न र संस्थाले अनुगमन तथा निरीक्षणको पक्षलाई थप सुदृढीकरण गरी कर्जा सम्बन्धी अभिलेखहरु चुस्त दुरुस्त राख्न सुझाव दिनुभयो ।

११. **छलफलमा सहभागी शेयरधनी महानुभावहरुले ब्यक्त गर्नुभएका सुझाव, मन्तव्य तथा जिज्ञाषाको सम्बन्धमा अध्यक्षले दिनु भएको जवाफ :**

सभाका अध्यक्षबाट शेयरधनी महानुभावहरुको सुझाव, मन्तब्य तथा जिज्ञाषाको लागि धन्यबाद ज्ञापन गर्दै शेयरधनीका सुझावहरु संस्थाले कार्यान्वयन गर्ने प्रतिबद्धता ब्यक्त गर्नुभयो ।

१२. **सभामा प्रस्तुत प्रस्ताव तथा सो सम्बन्धमा गरिएका निर्णयहरु :**

अध्यक्षबाट सभामा निर्णयार्थ प्रस्तुत भएका प्रस्तावहरुमा सभाबाट देहाय बमोजिम ध्वनीमतको आधारमा निर्णय भएको छ ।

क. **सामान्य प्रस्ताव तथा निर्णयहरु :**

(१) **आ.व.२०७९/८० को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

संचालक समितिको तर्फबाट अध्यक्ष श्री उदय नारायण बरालले पेस गर्नु भएको आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन सभामा छलफल भई सर्वसम्मतिबाट पारित भयो ।

(२) **लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७९/८० को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु लगायतका वित्तीय विवरणहरु माथि छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, मिति २०७९/०४/०१ देखि मिति २०८०/०३/३१ सम्मको नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरणहरु उपर छलफल गरी सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

(३) **कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/८१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

वित्तीय संस्थाको आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्त गर्न र निजको पारिश्रमिक तोक्ने प्रस्ताव अन्तर्गत लेखापरीक्षण समितिबाट आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्न श्री वि.पि. एसोसियट्स्, चार्टर्ड एकाउण्टेण्ट्स्, काठमाडौलाई लेखापरीक्षक नियुक्त गर्न र वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म अडिट रिपोर्ट, कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन तयारी लगायत आर्थिक वर्ष २०८०/८१ मा गर्नु पर्ने अन्य

कम्पनी-सचिव

अध्यक्ष

लेखापरीक्षण सम्बन्धी कार्यको लागि कर बाहेकको पारिश्रमिक रु.१,००,०००।- ( अक्षरेपि रु. एक लाख मात्र) र दैनिक तथा भ्रमण खर्च बास्तविक विलको आधारमा उपलब्ध गराउन सिफारिस भई आएको व्यहोरा जानकारी गराउँदै स्वीकृतिको लागि सभामा प्रस्ताव गर्नु भएकोमा सभाबाट सर्वसम्मतिबाट स्वीकृत भयो ।

(४) **सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने २ जना संचालकहरुको निर्वाचन गर्ने ।**

गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७६/०८/१४ मा सम्पन्न चौथो वार्षिक साधारण सभाबाट ४ वर्षको लागि नियुक्त हुनुभएका सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने संचालक श्री प्रियंका कटवाल र मिति २०७९/०९/३० मा सम्पन्न सातौं वार्षिक साधारण सभाबाट बाँकी अवधिको लागि नियुक्त हुनुभएका सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्नुहुने संचालक श्री अर्जुन प्रसाद निरौलाको पदावधि मिति २०८०/०७/१३ मा समाप्त भई संचालक समितिको मिति २०८०/०७/१४ को १३० औं बैठकबाट संस्थाको आठौ वार्षिक साधारण सभासम्मको लागि निजहरु पुनः नियुक्त हुनु भएकोमा संस्थाको आठौं वार्षिक साधारण सभाबाट रिक्त हुने दुईजना संचालकहरुको निर्वाचन गर्ने प्रस्ताव सम्बन्धमा संचालक समितिबाट नियुक्त प्रमुख निर्वाचन अधिकृत अधिवक्ता श्री महेन्द्र प्रसाद वस्तीलाई निर्वाचन सम्बन्धी काम कारवाही अगाडि बढाउन अध्यक्षले अनुरोध गर्नुभयो ।

प्रमुख निर्वाचन अधिकृत अधिवक्ता श्री महेन्द्र प्रसाद वस्तीले निर्वाचन सम्बन्धी भए गरेका काम कारवाही सम्बन्धी सभालाई जानकारी गराउनुभयो । निर्वाचन समितिले मिति २०८०/०९/०२ मा निर्वाचन कार्यक्रम प्रकाशित गरी सोही कार्यक्रम बमोजिम मिति २०८०/०९/११ गते विहान ११:०० बजेदेखि दिनको १२:०० बजेसम्म उम्मेदवारको मनोनयन दर्ता गर्ने समयावधि भित्र दुई जना उम्मेदवारको मनोनयन दर्ता भएको, निर्धारित निर्वाचन कार्यक्रम बमोजिम उम्मेदवार विरुद्ध कुनै दाबी विरोध नपरेको र उम्मेदवारले मनोनयन पत्र फिर्ता समेत नलिएकोले संस्थाको संचालक निर्वाचन निर्देशिका, २०७६ तथा प्रचलित कानून बमोजिम मनोनयन दर्ता गर्ने विराटनगर महानगरपालिका वडा नं. १२ निवासी द्वय श्री अर्जुन प्रसाद निरौला र श्री रुजा कोइराला निर्विरोध निर्वाचित हुनुभएको घोषणा गर्नुभयो ।

प्रमुख निर्वाचन अधिकृत श्री महेन्द्र प्रसाद वस्तीले प्रस्तुत गरेको उपरोक्त विवरण अनुसार विराटनगर महानगरपालिका वडा नं. १२ निवासी द्वय श्री अर्जुन प्रसाद निरौला र श्री रुजा कोइरालालाई आगामी चार वर्ष अवधिको लागि संचालक पदमा नियुक्तिको लागि अध्यक्षले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतीले पारित गऱ्यो ।

(ख) विशेष प्रस्ताव तथा निर्णयहरु :

(१) **नियमावलीको नियम २९, २९(१), २९(२) र ३० मा संशोधन स्वीकृत गर्ने ।**

कम्पनी-सचिव

गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड ५ स्था: २०७३ धनकुटा

अध्यक्ष

अध्यक्षले सभा समक्ष नियमावलीको नियम २९, २९(१), २९(२) र ३० मा संशोधन गर्ने प्रस्ताव पेस गर्नु भएकोमा सभाले संलग्न बमोजिम संशोधन पारित गर्ने निर्णय गऱ्यो ।

(२). **विशेष प्रस्ताव उपर नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप प्रचलित कानुनको अधिनमा रही संस्थाको नियमावलीमा आवश्यक संशोधन वा परिमार्जन वा समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।**

संस्थाको नियमावलीमा यस साधारण सभाले गरेका उपरोक्त संशोधनमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि. लगायत अन्य नियमनकारी निकायहरुले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप गर्न संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अधिकार प्रदान गर्न अध्यक्षद्वारा सभामा प्रस्ताव पेस भएकोमा सभाबाट सर्बसम्मतिले प्रस्ताव स्वीकृत भयो ।

(३) **गुराँस लघुवित्त वित्तीय संस्था र अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने वा गाभिने वा प्राप्ती गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पूरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

गुराँस लघुवित्त वित्तीय संस्था र अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने वा गाभिने वा प्राप्ती गर्ने कार्यको लागि वित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्यांकन गर्न मूल्यांकनकर्ता नियुक्त गर्न, गाभ्ने वा गाभिने वा प्राप्ती गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पूरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धीको प्रस्ताव स्वीकृतिको लागि सभा समक्ष पेस भएकोमा सर्वसम्मतीबाट पारित भयो ।

(ग) **विविध सम्बन्धमा :**

निर्धारित विषयसूची विविध अन्तर्गत छलफल गर्नुपर्ने र प्रस्ताव पारित गर्नु पर्ने कुनै पनि विषय नभएको व्यहोरा अध्यक्षले सभालाई जानकारी गराउनुभयो ।

१३. **धन्यबाद ज्ञापन तथा सभा विसर्जन :**

सभाका अध्यक्षले आठौं वार्षिक साधारण सभामा आदरणीय शेयरधनी महानुभावहरूवाट अमूल्य सुझावहरू प्राप्त भएको र सम्पूर्ण प्रस्तावहरुमा सम्पूर्ण शेयरधनीहरूको समर्थन भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै दिउसो १२:५५ बजे संस्थाको आठौं वार्षिक साधारण सभा विसर्जन भएको जानकारी गराउनु भयो ।

................................ (भेष बहादुर बस्नेत)
**कम्पनी सचिव**

गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड स्था. २०७३ धनकुटा

................................ (उदय नारायण बराल)
**अध्यक्ष**

निर्णय नं. १२.(ख) (१) सँग सम्बन्धित

# गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड

## नियमावली संशोधन सम्बन्धी तीन महले विवरण, २०८०

| क्र.सं. | नियम | हालको व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| १. | २९ | व्यवसायिक संचालकको नियुक्ति, संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था | स्वतन्त्र संचालकको नियुक्ति, संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था : | कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ र नेपाल राष्ट्र बैंकको निर्देशनमा **'व्यवसायिक संचालक'** को सट्टा **'स्वतन्त्र संचालक'** भन्ने शब्द प्रयोग भएकोले सोही बमोजिम शब्द मिलान गर्न आवश्यक भएकोले । |
| २. | २९. (१) | ऐनले व्यवस्था गरे बमोजिम राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञहरूको सूचीबाट संचालक हुन योग्य भएको ब्यक्ति मध्येबाट ऐनको दफा १७ उपदफा(३) बमोजिम समितिले एक जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ सन्चालक नियुक्त गर्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, कम्पनी ऐन र नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम योग्यता पुगेको एक जनालाई समितिले स्वतन्त्र सचालक नियुक्त गर्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, कम्पनी ऐन र नेपाल राष्ट्र बैकको निर्देशन बमोजिम हुनेगरी दफा संशोधन गर्न आवश्यक भएकोले । |
| ३. | २९. (२) | निजको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा ४ वर्षको हुनेछ र निजको पुनः नियुक्ती हनु सक्नेछ । | स्वतन्त्र संचालकको कार्यकाल ४ वर्षको हुनेछ । | बैंक तथा वित्तीय संस्था संम्बन्धी ऐन बमोजिम स्वतन्त्र संचालकको कार्यकाल निर्धारण गर्न आवश्यक भएकोले । |
| ४. | ३०. | **सन्चालक पुनः नियुक्त हुन सक्ने वा नसक्ने :** एक पटक सन्चालक भइसकेको व्यक्ति पुनः सन्चालकमा नियुक्त हनु सक्नेछ । | **सन्चालक पुनः नियुक्त हुन सक्ने वा नसक्ने :** एक पटक सन्चालक भइसकेको व्यक्ति पुनः सन्चालकमा नियुक्त हनु सक्नेछ । तर स्वतन्त्र संचालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ । | बैंक तथा वित्तीय संस्था संम्बन्धी ऐन बमोजिम स्वतन्त्र संचालक पुनः नियुक्ति हुन नपाउने व्यवस्था बमोजिम मिलाउन आवश्यक भएकोले । |

कम्पनी-सचिव

गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड स्था: २०७३ धनकुटा

अध्यक्ष